आज मिति २०७९ साल मंसिर २७ गतेका दिन बिहान ८ बजे यस कटारी नगरपालिकाका नगर प्रमुख श्री राजेश चन्द्र श्रेष्ठज्यूको अध्यक्षतामा तपशिलको कार्यपालिका सदस्यहरुको उपस्थितिमा विविध विषयमा छलफल गर्नका लागि नगर कार्यपालिकाको बैठक बस्यो ।

उपस्थितिः

| क्र.सं. | पदाधिकारी तथा कर्मचारीहरुको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | राजेशचन्द्र श्रेष्ठ | नगर प्रमुख | |
| २ | गिता खड्का | नगर उप प्रमुख | |
| ३ | पदम लाल मगर | १ नं. वडाध्यक्ष | |
| ४ | प्रेम बहादुर क्षेत्री | २ नं. वडाध्यक्ष | |
| ५ | पुष्कर खड्का | ३ नं. वडाध्यक्ष | |
| ६ | भुपेन्द्र सिंह तामाङ्ग | ४ नं. वडाध्यक्ष | |
| ७ | मोहन बहादुर तामाङ्ग | ५ नं. वडाध्यक्ष | |
| ८ | प्रेम बहादुर मगर | ६ नं. वडाध्यक्ष | |
| ९ | ~~सुविन दुङ्गाना~~ राजेन्द्र दनुवार | ७ नं. वडाध्यक्ष (का. वा.) | |
| १० | नविन्द्र कुमार तामाङ्ग | ८ नं. वडाध्यक्ष | |
| ११ | बेग बहादुर आले मगर | ९ नं. वडाध्यक्ष | |
| १२ | क्षेत्र बहादुर खड्का | १० नं. वडाध्यक्ष | |
| १३ | अनन्त हायु | ११ नं. वडाध्यक्ष | |
| १४ | यम्बर बहादुर कटुवाल | १२ नं. वडाध्यक्ष | |
| १५ | ~~शम्भु श्रेष्ठ~~ विनोद श्रेष्ठ | १३ नं. वडाध्यक्ष (का. वा.) | |
| १६ | अम्बर बहादुर मगर | १४ नं. वडाध्यक्ष | |
| १७ | देवी कुमारी घिमिरे | कार्यपालिका सदस्य | |
| १८ | भगवती अधिकारी | कार्यपालिका सदस्य | |
| १९ | मेलिना श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २० | गिता कुमारी गिरी | कार्यपालिका सदस्य | |
| २१ | सम्झना मुरी मगर | कार्यपालिका सदस्य | |
| २२ | हेम कुमारी वि.क. | कार्यपालिका सदस्य | |
| २३ | मन्जु कुमारी राई दनुवार | कार्यपालिका सदस्य | |
| २४ | जितेन्द्र बराईली | कार्यपालिका सदस्य | |
| २५ | अनिल किराती | प्रमुख प्रशासकीय अधिकृत | |
| २६ | रोशन कार्की | सूचना प्रविधि अधिकृत | |
| २७ | सूर्य बहादुर कार्की | श्रोत व्यक्ति | |
| २८ | सुदिप श्रेष्ठ | स. क. अ. | |
| २९ | दोरनिधि सुबेदी | स. ले. प. | |

प्रस्तावहरुः

१. नमुना उन्मुख विद्यालय विकास कार्यक्रम कार्यविधि-२०७९ स्वीकृत सम्बन्धमा।

२. नगर शिक्षा समितिको निर्णय स्वीकृत गर्ने सम्बन्धमा ।

३. आवधिक योजना तर्जुमा सम्बन्धमा ।

४. व्यवसाय, घर बहाल कर तथा फोहोरमैला कर सम्बन्धमा

५. पार्किङ शुल्क सम्बन्धमा ।

६. ल्यान्डफिल्ड साइट सम्बन्धमा ।

७. स्वास्थ्य बीमा सम्बम्धमा ।

८. समपुरक तथा विशेष अनुदान सम्बन्धमा ।

९. कटारी अस्पतालको लागि बजेट व्यवस्थापन सम्बन्धमा ।

१०.विविध ।

## निर्णयहरु

१. कटारी नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर तथा जवाफदेही व्यवस्थापन सुनिश्चित गरी विद्यालयको भौतिक तथा शैक्षिक पक्षको विकास गर्दै सूचना प्रविधिको प्रयोग सहित अभिभावक तथा बालबालिकाको पहिलो रोजाइको विद्यालयको रुपमा विकास गर्न नगरपालिका भित्र सञ्चालित एक वडा एक नमुना उन्मुख विद्यालयको विकास गर्न आवश्यक भएकाले कटारी नगरपालिका शिक्षा कार्यविधि २०७७ को दफा ५२ ले दिएको अधिकार प्रयोग गरी "नमुना उन्मुख विद्यालय कार्यक्रम कार्यविधि २०७९" स्वीकृत गर्ने निर्णय गरियो।

२. कटारी नगरभित्रका विद्यालयहरुमा कार्यरत शिक्षकहरुको दरबन्दी मिलानका सन्दर्भमा दरबन्दी मिलान कार्यदल र नगर शिक्षा समितिको मिति २०७९।५।२५ को बैठकबाट सिफारिश भइ आएको तपसिलका आधारहरु मनासिव र उपयुक्त देखिएको हुँदा उक्त आधारलाई स्वीकृत गर्दै दरबन्दी मिलान गर्ने निर्णय गरियो ।

### तपसिल

क. दरबन्दी मिलान शै. स. २०७९ को विद्यालयहरुले भरेको IEMIS को विद्यार्थी संख्याको आधारमा गर्ने ।

ख. दरबन्दी मिलान गर्दा विद्यार्थी शिक्षक अनुपात १:२०, २:३५, ३:७०, ४:८८, ५:११० कायम गर्ने ।

ग. विद्यार्थी संख्या अनुसार दरबन्दीको अवस्था नमिलेको देखिएको, निमावि र मावि तहमा दरबन्दी अपुग रहेको तथा केही निमावि र मावि तहमा मात्र दरबन्दी रहेकाले हाललाई प्राथमिक तहको दरबन्दी मात्र प्राथमिक (विद्यार्थी संख्या धेरै), निमावि र मावि तहमा (० दरबन्दी भएका) मिलान गर्ने ।

घ. दरबन्दी मिलान गर्दा हाललाई पहिलो चरणमा नगरमा रिक्त रहेको ९ पुरानो वितरण गर्न बाँकी रहेको २ पाट्ने, ११ धप्पर, २, खोक्सा १ गरी जम्मा १७ वटा दरबन्दी मिलान गर्ने।

**प्राथमिक तह दरबन्दी मिलान आधार**

- शून्य दरबन्दी भएकोबाट बढ्दो विद्यार्थी संख्याको क्रममा विद्यालयको सूचि निर्धारण गर्ने
- दरबन्दी वितरण गर्दा सोही क्रमको आधारमा वितरण गर्ने
- विद्यार्थी संख्या बढी भइ दरबन्दी समेत बढी भएका विद्यालयको हकमा हाललाइ उक्त दरबन्दि पुलमा मात्र रहन दिने
- जतिसुकै विद्यार्थी भएपनि ५ भन्दा बढी भएका दरबन्दीलाइ पुलमा कायम गर्ने
- ० दरबन्दी भएका विद्यालयको हकमा २० भन्दा जतिसुकै बढी विद्यार्थी भए पनि हाललाइ १ मात्र दरबन्दी उपलब्ध गराउने
- संख्या नपुगेको विद्यालयको हकमा वि.व्य.स. को निर्णय अनुसार तह तथा कक्षा घटुवा गर्न सकिने
- माथि उल्लेख भएअनुसार शिक्षक दरबन्दी मिलान गर्दा भौगोलिक बनोट, दुरी र पहाडी क्षेत्रको वडाहरुको विधार्थी संख्या कम भएता पनि बिषेश प्राथमिकता दिने

**निमावि तह दरबन्दी मिलान आधार**

- जम्मा विद्यार्थी संख्या र जम्मा शिक्षक संख्याको आधारमा दरबन्दी निर्धारण गर्ने
- १/४० भन्दा माथि आएमा शून्य दरबन्दीको हकमा २ दरबन्दी कायम गर्ने
- १/४० भन्दा मुनि आएमा शून्य दरबन्दीको हकमा कम्तिमा ४ वटा दरबन्दी कायम गर्ने
- विद्यार्थी संख्याका आधारमा क्रम निर्धारण गर्ने
- हाललाई ० दरबन्दी बाहेक अन्यलाई दरबन्दी उपलब्ध नगराउने

**मावि तह दरबन्दी मिलान आधार**

- जम्मा विद्यार्थी संख्या र जम्मा शिक्षक संख्याको आधारमा दरबन्दी निर्धारण गर्ने
- मावि दरबन्दी कम भएकाले हाललाई ० मावि मा विद्यार्थी संख्याका आधारमा दरबन्दी मिलान गर्ने
- मावि मा कम्तिमा जम्मा ६ दरबन्दी कायम गर्ने
- प्राथमिकता निर्धारण गर्दा विद्यार्थी संख्यालाई आधार मान्ने

**विद्यालयमा दरबन्दी रहने प्राथमिकता क्रम**

क. अपाङ्ग

ख. महिला

ग. ज्येष्ठता स्थायी

घ. ज्येष्ठता अस्थायी

ङ. ज्येष्ठता राहात/करार

- माथिको आधारवाट तोकिएको दरबन्दी बाहेक पुलमा रहने दरबन्दी/राहात कोटालाई सोही आधारमा पुलमा निर्धारण गर्ने
- नजिकका विद्यालयमा दरबन्दी मिलान गर्दा पायक पर्ने विद्यालय रोज्ने आधार समेत सोही प्राथमिकता क्रम अनुसार सार्वजनिक सूचना प्रकाशित गरी रोजेका विद्यालयमा मिलान गरिने छ ।

३. आवधिक योजना तर्जुमा सम्बन्धमा नगरको सामाजिक, भौतिक, आर्थिक, सांस्कृतिक, मानवीय लगायत समग्र विकासको लागि उपलब्ध सीमित स्रोत साधनको आर्दशतम र महत्वम रूपमा बाँडफाँड गरी

अपेक्षित रूपमा प्रतिफल प्राप्त गर्न अधिकार आवधिक योजना तर्जुमा गर्नुपर्ने भएकोले आवश्यक प्रक्रिया सुरु गर्ने निर्णय गरियो ।

४. नगरमा कानुन बमोजिम पहिले देखि नै लागू भइरहेको घर नक्सा पास, व्यवसाय कर, घर बहाल कर तथा फोहोरमैला करको लागत संकलन गर्न, अधावधिक गर्न, नयाँ दर्ता गर्न सबै वडामा सो सम्बन्धीको सूचना र जानकारी सहित दर्ता अभियान सञ्चालन गर्ने निर्णय गरियो ।

५. पार्किङ शुल्क सम्बन्धमा नगरको आन्तरिक श्रोत वृद्धि गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४ तथा कटारी नगरपालिकाको आर्थिक ऐन २०७९ को दफा ११ अनुसार कटारी नगरपालिकाको बसपार्कमा पार्किङ हुने सवारी साधनको लागि आर्थिक वर्ष २०७९ को नगर सभाले स्वीकृत गरेको दररेटको आधारमा पार्किङ शुल्क लगाउने निर्णय गरियो ।

६. नगरको मुख्य केन्द्र कटारी बजारबाट उत्सर्जन भइरहेको फोहोरमैला व्यवस्थापन गर्न हाल प्रयोग भैरहेको कटारी नगरपालिका वडा नं ३, राजबासलाई मर्मत सुधार गरि अर्कोस्थान को व्यवस्थापन नहुदासम्म प्रयोग गर्नको लागि सम्बन्धित सरोकार पक्षहरुलाइ अनुरोध गर्ने निर्णय गरियो ।

७. नगरमा स्वास्थ्य विमा कार्यक्रमलाई व्यवस्थित र नियमित बनाउन स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति गठन सञ्चालन कार्यविधि तर्जुमा गरि सबै नगरवासीको स्वास्थ्य बिमामा पहुँच पुर्याउन आवश्यक कार्यक्रमहरु सञ्चालन गर्ने निर्णय गरियो

८. नेपाल सरकार, राष्ट्रिय योजना आयोगको मिति २०७९/०८/१९ मा प्रकाशन भएको सूचना अनुसार यस कटारी नगरपालिकाको आ.व. २०८०/८१ को लागि समपुरक तथा बिशेष अनुदान अन्तर्गत तपसिल बमोजिमका आयोजना/कार्यक्रमको DPR तयार गरि प्रस्ताव माग गर्ने निर्णय गरियो ।

| सि. न. | आयोजनाको नाम | अनुदानको प्रकार | अवधि | प्रथामिताक्रम | कैफियत |
|---|---|---|---|---|---|
| १ | कटारी नगरपालिका प्रशासकीय भवन निर्माण आयोजना | समपुरक | २ बर्षे | १ | क्रमागत (दोस्रो वर्ष) |
| २ | वडा कार्यालय निर्माण आयोजना (वडा नं. २, ६, ८, १०, ११, १३ र १४) | समपुरक | ३ बर्षे | २ | नयाँ |
| ३ | स्वास्थ्य चौकी सुदृढीकरण कार्यक्रम (birthing center) आयोजना कटारी-८ कुरीभन्ज्यांग, कटारी १० सोरुंग र कटारी-११ गहुबारी | बिशेष | २ बर्षे | १ | नयाँ |
| ४ | गुणस्तरीय शिक्षाको लागि विधालय निर्माण तथा सुदृढीकरण कार्यक्रम (वडा न. १२ जनमुखी मा. वि. र वडा नं. ११ सरस्वती मा. वि.) | बिशेष | ३ बर्षे | २ | नयाँ |

९. कटारी अस्पतालबाट प्रदान गर्ने सेवा सुविधाहरुको गुणस्तर कामय राखी सेवा विस्तारहुने क्रममा जेनेरल सर्जरी, कार्डियोलोजी, फार्मेसी, प्याथोलोजी र बालरोग विशेषज्ञ सेवा बिस्तार गर्नको लागि कटारी अस्पतालबाट मिति २०७९/०८/२५ गतेको निबेदन अनुसार माग भएको बजेट नगर तर्फका स्वास्थ्यका कार्यक्रमहरुको "कटारी अस्पतालमा सर्पदंश उपचार केन्द्र स्थापना" शिर्षकबाट रकम रु. ८,००,००० उपलब्ध गराउने निर्णय गरियो ।

१०. विविध

क) कटारी नगरपालिका वडा नं. ५ को तल्लो ब्रमहजिया फाट सिचाई योजनाको (SIP) सम्झौता मिति २०७८/०८/०६ मा बिबिध कारण समयमा कार्य सम्पन्न गर्न नसकेको हुनाले वडाको सिफारिसका साथ ब्रम्हजिया फाट सिचाई योजनाले पेश गरेको पत्र अनुसार पत्रको मितिबाट ३ महिनाको लागि म्याद थप गर्ने निर्णय गरियो।

ख) आ.व. २०७९/८० को लागि ढुंगा, गिट्टी, ग्रावेल, रोडा, बालुवा उत्खनन, संकलन तथा विक्री कर उठाउने सम्बन्धी (बढाबढ) बोलपत्र आह्वानको सूचना प्रथम पटक प्रकाशित मिति २०७९/०७/०७ (EBID), दोश्रो पटक प्रकाशित मिति २०७९/०८/०८ (Hardcopy) मा कुनै पनि ठेक्का नलागेको हुनाले पुन तेश्रो पाटकको सूचना प्रकाशन गर्ने निर्णय गरियो।

ग) कटारी नगरपालिकाको लागि खरिद गरिने शव वहानमा सम्बन्धित निकाय सँग छुटको माग गर्ने निर्णय गरियो ।

घ) कटारी नगरपालिकाको नगर अस्पतालको लागि मिति २०७९/०८/१२ को सूचना अनुसार करारमा नियुक्त गरिएको बाल रोग विशेषज्ञ (डा.) को लागि सेवा सुबिधा नेपाल सरकारले निर्धारण गरेको नवौं तहको स्केलमा पारिश्रमिक कर्मचारी शिशिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

ङ) नेपाल नगरपालिका संघको लागि आर्थिक वर्ष २०८९/८० को सदस्यता शुल्क बापत रु. २५,०००/- दिने निर्णय गरियो।

च) भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको प्रशासन, सहकारी गरिबी निवारण महाशाखा (गरिब पहिचान तथा मापदण्ड शाखा) द्वारा संचालन गरिएको "गरिब पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम" अन्तर्गत यस कटारी नगरपालिकालाई प्राप्त भएको गरिब परिवारको रुपमा सूचिकृत भएका नगरपालिकाका ३६२१ गरिब परिवारको परिचयपत्र वितरण वडा कार्यालयले गर्ने निर्णय गरियो ।

छ) मिति २०७९/०७/२३ मा कार्यपालिकाको बैठकको निर्णय नं. ११ को घ मा भएको निर्णय मा ब्याडमिन्टन प्रतियोगितामा आयोजकको नाम अन्यथा रहेको हुनाले आयोजकको नाम "साथी समूह, उदयपुर" भनि संशोधन गर्ने निर्णय गरियो।

ज) कटारी नगरपालिका वडा नं. ४ मा गरिएको धान खेतीमा किराको प्रकोप आकस्मिक रुपमा नियन्त्रण गर्न सुविना सप्लायर्स एण्ड ट्रेडर्सबाट सामग्री र बिषादी खरिद गरिएको रु. ५२,१८६ र Dengue नियन्त्रण गर्न को लागि PLANT WORLD AGRO SUPPLIERS बाट खरिद गरिएको

बिषादीको रु. २६,००० गरी जम्मा रु. ७८,१८६ रकम विविध शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

झ) यस कार्यालयले लगाएको ठेक्का नं. O2/Uda/Katarimun/2078/079 को कार्य गर्नको लागि मिति २०७९/०३/०७ मा भिमेश्वोर कन्स्ट्रक्सन प्रा. लि. ले पेश गरेको म्याद थप सम्बन्धी पत्र अनुसार बिबिध कारण समयमा कार्य सम्पन्न गर्न नसकेको हुनाले म्याद सकिएको मितिबाट थप २०७९, फाल्गुन २६ गते सम्म कार्य सम्पन्नगरि म्याद थप गर्ने निर्णय गरियो।

ञ) सामाजिक विकास मन्त्रालय, प्रदेश नं. १ ले युवा मैत्री स्थानीय तह सम्बन्धी सूचकका आधारमा उत्कृट १ स्थानीय तहलाई रु. ५ लाख प्रोत्साहन अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुदा अनुसूची अनुसार फाराम भरि सामाजिक विकास मन्त्रालयलाई पठाउने निर्णय गरियो ।

ट) श्रम, रोजगार तथा सामाजिक सुरक्षा (बालश्रम निवारण तथा व्यवसायजन्य सुरक्षा शाखा) ले बालश्रममुक्त स्थानीय तह घोषणा कार्यक्रम संचालन गर्न प्रस्ताब माग गरे अनुसार प्रस्ताब पेश गर्ने निर्णय गरियो ।

ठ) कटारी अस्पतालको लागि सेवा प्रवाह गर्नको लागि बिभिन्न आधुनिक मेडिकल तथा औजारहरु संचालन गर्न १०० के. भी. थान-१ ट्रान्सफर्मर व्यवथापनकोलागि कटारी अस्पतालबाट माग भएको हुदा सो ट्रान्सफर्मर नेपाल विद्युत प्राधिकरण, कटारीसँग सहयोग माग्ने निर्णय गरियो ।

ड) HURENDEC को कार्यक्रम/परियोजना स्वीकृतको लागि मिति २०७९/०८/२५ मा यस कार्यालयमा पेश भएको परिपत्र अनुसार नै स्वीकृति दिने निर्णय गरियो ।

ढ) यस कटारी नगरपालिकाको वडा नं, २ को खोक्सामा माघ १ गते देखि प्रत्येक वर्षझैं यसपटक पनि ऐतिहासिक मेला लाग्ने भएकाले मेला अवधिभर मनोरन्जन कर उठाउने प्रयोजनको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ तथा कटारी नगरपालिकाको आर्थिक ऐन २०७९/८० को दफा ९ को व्यवस्था बमोजिम स्थानीय राजश्व परामर्श समितिको निर्णय अनुसारको दररेट र न्युनतम कबोल रकमलाई नै कायम गरी त्रिबेणी मेला ठेक्का (बढाबढ) को लागि नियामानुसार सूचना प्रकाशन गर्ने साथै अन्य प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

ण) यस आ. व. मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कटारी बजार क्षेत्रको पहिलो, दोश्रो र तेश्रो लाईन सडकको सडक नाला सर-सफाई आयोजनाको कार्य नहुने भएको हुदाँ उक्त आयोजना परिवर्तन गरि "तावाखोला पुल देखि सुगाजोर खहरे सम्मको ग्रामीण सडक र ३ नं. वडा कार्यालय सडक नाला आसपासमा सरसफाई" रहने निर्णय गरियो ।

त) कटारी नगरपालिकाको वडा नं. १४ को वडा भवन निर्माणको लागि नगरपालिकाले निशुल्क जग्गा माग गरिएकोमा सोहि वडा निवासी देबराज खनाल र दिल बहादुर भुजेलले डेढ/डेढ रोपनी गरि जम्मा ३ रोपनी जग्गा कटारी नगरपालिकाको स्वामित्वमा उपलब्ध गराउने भएकोले उक्त जग्गा स्वीकार गर्ने र जग्गा registration गर्दा लाग्ने रकम/कर कटारी नगरपालिकाले नै बेहोर्ने निर्णय गरियो ।

थ) क. न. पा. वडा नं. १४, लेखानीको पर्शुराम गौरी कुण्ड सरक्षणको लागि प्राविधिक स्टिमेटको आधारमा आवश्यक बजेट बिनियोजन गर्ने निर्णय गरियो ।

द) कटारी नगरपालिकाको वेतिनी सामुदायिक पार्क ठे.नं. 01/Uda/Katarimun/078-79 कटारी ११,उदयपुरको निर्माण स्थलमा पहिरो, सोलु हाईड्रोको पोल तथा जंगलले निर्माणमा समस्या पारेको र सोको निकासका लागि जग्गा खोजी गर्दा सो वडा नं.११को वेतीनी भन्ने स्थानमा वाटोको सुविधा भएको, पहिरोको डर नरहेको नम्वरी जग्गा कटारी ९ वस्ने जग्गा धनी श्री गंज बहादुर रानामगर को नाति चन्द्र बहादुर रानामगर को छोरा विर बहादुर राना मगरले आफ्नो नाम दर्ता हकभोगमा रहेको साविक सोरुङ्गछविसे गा.वि.स वडा नं.७ हाल कटारी न.पा ११ वेतिनी नक्सा नं. ७ ग कि नं. २० क्षेत्रफल ६–०–१ रोपनी मध्ये वाट ३–०–० रोपनी पुर्व तर्फ वाट सामुदायिक पार्क वेतिनी निर्माण गर्न निशुल्क दिन ईच्छुक हुन भएको हुदा उक्त जग्गा वेतिनी सामुदायिक पार्क ठे.नं. 01/Uda/Katarimun/078-79 कटारी ११, उदयपुरको निर्माण स्थल उपयुक्त भएको हुदा निर्माण कार्यको प्रयोजनार्थ निशुल्क जग्गा स्वीकार गर्ने तथा निर्माणकार्य थालनी गर्ने र सो जग्गा रजिष्ट्रेसन लागि आवश्यक कार्य थाल्ने तथा रजिष्ट्रेसन गर्न लाग्ने रकम कटारी न. पा. ले व्यहोर्ने निणय गरियो

ध) कटारी नगरपालिकामा रहेका बिभिन्न चुन ढुंगा खानीको कामबाट कटारी नगरपालिकाको बातावरणीय तथा भौतिक पूर्वाधारहरुमा परेको नकारात्मक आसरहरु बारे आएको जन-गुनासोलाई सम्बोधन गर्न र उक्त कृयाकलापलाई नगरको अन्तरिक श्रोतमा रुपान्तरण गर्न खानी संचालक, ढुवानी ब्यवसायी तथा सरोकारवाला सबै पक्षसँग सामुहिक छलफल गरि उचित निकाश निकाल्ने निर्णय गरियो

न) कटारी बजारको ढल निकाशको समस्या समाधान गर्न सर-सफाई, फोहोर मैला तथा नाला सरसफाई शीर्षकबाट दैनिक ज्यालादारी मार्फत खर्च लेख्ने गरि सर-सफाई काम गर्ने/गराउने निर्णय गरियो ।

प) कटारी नगरपालिकाको वडा कार्यालयहरुबाट प्राप्त हुने राजश्व तथा सिफारिसलाई ब्यवथित, प्रभाबकारी र पारदर्शी बनाउन सबै वाडामा अनलाईन सिस्टम लागू गर्ने र तत्काललाई वडा नं. ३ र ४ सुरु गर्ने निर्णय गरियो .

फ) कटारी नगरपालिकाको विभिन्न कार्यक्रममा आउनुभएका अतिथिहरुको लागि नगर प्रमुखबाट व्यवस्था भएबमोजिम चिकन होममा भएको खर्च रु. १,१४,००० (एक लाख चौध हजार मात्र) विविध शिर्षकबाट खर्च लेख्ने निर्णय गरियो ।

ब) कटारी नगरपालिकाको आथिक वर्ष २०७९।८० को पहिलो चौमासिकको सार्वजनिक सुनुवाई २०७९ मसिंर २१ गते बेतीनीमा गर्ने निर्णय गरिएकोमा प्राविधिक कारणले गर्न नसकिएकोले २०७९ मसिंर २९ गते बेतीनीमा नै गर्ने निर्णय गरियो ।

भ) कटारी नगरपालिकाको ९ औं नगर सभामा प्रस्तुत आ. व. २०७९/८० को नीति तथा कार्यक्रमा स्वास्थ्य तर्फको सि. न. २.२.५ मा "महिला/स्वास्थ्य स्वयंसेविकाहरुको लागि

स्वरुप थप रकमको व्यवस्था गरिनेछ" भन्ने उल्लेख भए अनुसार नगर तर्फका स्वास्थ्य कार्यक्रमहरुको सि. नं. ६ मा महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रममा उल्लेख गरेको रकम मध्येबाट निजहरुको कार्य अझ गुणस्तरीय बनाउन निजहरुलाई आमा समूह, स्वास्थ्य चौकीमा जान आउन यातायात खर्च स्वरुप प्रदान गरिएको रकम रु. १००० लाई निरन्तरता दिदै सो रकममा थप रु. १००० गरेर कुल रु. २००० का दरले प्रत्येक महिना स्वास्थ्य स्वयंसेविकाहरुलाई यातायात खर्च उपलब्ध गराउने निर्णय गरियो ।

म) गोलपार्क रंग-रोगनको कार्य सम्पन्न भएको हुदा मुल्यांकन अनुसारको जम्मा रु. ३,३०,४०० नगर स्तरीय कार्यक्रम (राजस्व बाडफाड संघिय सरकार) शीर्षकबाट खर्च लेख्ने निर्णय गरियो ।

य) च. नं. ३१, मिति २०७९/०९/०1 झीगु नेवाः पुचः, गाइघाटको परिपत्र अनुसार आर्थिक सहयोग माग भएको हुदा सो कार्यालयलाई यस न. पा. बाट रु. ५०,००० सहयोग गराउने निर्णय गरियो ।

र) यस कटारी नगरपालिकाको नगर तर्फको महिला विकास कार्यक्रमहरु अन्तर्तगत सहायक सामग्री वितरण शीर्षकमा विनियोजित बजेट रकम रु.२,००,००० ( दुई लाख) मध्येबाट रोटरी क्लव अफ धुलिखेलसँग सम्झौता गरी ह्वील चियर प्राप्त गर्न रु.१,००,००० (एक लाख) बजेट खर्च गर्ने निर्णय गरियो ।

ल) बिबिन्न मितिमा दर्ता भएका आर्थिक सहयोगको निवेदनहरु मध्ये तपसिल बमोजिमको व्यक्ति/संस्थाहरुलाई अन्य सामाजिक सहायता शीर्षकबाट खर्च लेख्ने निर्णय गरियो ।

| सि. नं. | व्यक्ति/संस्थाको नाम | वडा नं. | कारण | रकम (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १ | मोहन बहादुर दमाई | १२ | अति बिपन्न | १५,००० | |
| २ | भिम बहादुर तामांग | १२ | अति बिपन्न | १५,००० | |
| ३ | मिलन कार्की | १२ | कृतिम खुट्टा लगाउन | २०,००० | |
| ४ | जोख माया परियार | २ | मुटु रोग | २०,००० | |
| ५ | रुकु माया कार्की | १ | स्तन क्यान्सर | २०,००० | |
| ६ | हरि प्रसाद पराजुली | ३ | मृगौला फेल | २०,००० | |
| ७ | सेर बहादुर बि. क. | ७ | टाउकोमा चोट | १५,००० | |
| ८ | ठगि माया क्षेत्री | २ | पाठेघर बिमारी | २०,००० | |
| ९ | शम्भु लाल गिरि | ५ | प्यारालाईसिस | २०,००० | |
| १० | हेम बहादुर खड्का | १ | प्यारालाईसिस | २०,००० | |
| ११ | बुद्धि बहादुर कार्की | २ | ईनार खन्दा दुर्घटना | १५,००० | |
| १२ | निरा कुमारी कटुवाल | २ | बिद्युत जडान | ५,००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | फर्स बहादुर सार्की | ५ | कलेजो खराबी | २०,००० | |
| १४ | लाल माया तामांग | १ | फोक्सो क्यान्सर | २०,००० | |
| १५ | फुलदेव ठाकुर हजाम | १ | मुटु रोग | १५,००० | |
| १६ | मिलन कार्की | १२ | मानसिक रोग | १५,००० | |
| १७ | फडिन्द्र प्रसाद पोखरेल | ७ | मिर्गौला फेल | २५,००० | |
| १८ | झनक बहादुर खड्का | १ | क्यान्सर लक्षण | १०,००० | |
| १९ | नेत्र बहादुर कार्की | ११ | एपेन्डी साइट | १५,००० | |
| २० | डोर बहादुर कार्की | २ | क्यान्सर | २०,००० | |
| २१ | पवित्रा माया मगर | २ | मुटु रोग | २०,००० | |
| २२ | ए माया कटेल | २ | प्यारालाईसिस | २५,००० | |
| २३ | नर माया बि. क. | ५ | खुट्टा अपरेसन | २०,००० | |
| २४ | कृष्ण माया कार्की | २ | पाठेघर बिमारी | १५,००० | |
| २५ | धर्मानन्द खनाल | १० | हेपाटाइटिस | २५,००० | |
| २६ | युसफ दनुवार | ७ | मुटु रोगि | १५,००० | |
| २७ | रोहिणी कुमारी भण्डारी | ६ | पेट सम्बन्धी उपचार | १५,००० | |
| २८ | मिरा सार्की | ५ | अण्डकोष समस्या | २५,००० | |